# तानसेन नगरपालिका

तानसेन, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

☎: ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
ई-मेल :ito.tansenmun@gmail.com
info@tansenmun.gov.np


चलानी नं.

पत्र संख्या :

## प्रेस विज्ञप्ति

२०७८ पुस ९

### येशु खीष्टको जन्मोत्सव तथा

### नयाँ वर्ष सन् २०२२ को अवसरमा हार्दिक शुभकामना !

क्रिश्चियन समुदायको महान पर्व अर्थात् येशु खीष्टको जन्मोत्सव तथा क्रिसमस पर्व र नयाँ वर्ष सन् २०२२ को अवसरमा तानसेन, पाल्पालगायत विश्वभर छरिएर रहेका सम्पूर्ण इसाई समुदायप्रति हार्दिक शुभकामना प्रकट गर्दछौं । नेपालको संविधानले नेपालमा बसोबास गर्दै आएका नेपालीले मान्ने सबै धर्म संस्कृतिलाई समआदर गरेको छ । विश्व कै परिवेशमा धार्मिक सहिष्णुताको नमूना मानिने नेपाली समाजमा परापूर्व कालदेखि एकआपसमा धार्मिक सदभाव विद्यमान रहेको छ । सारमा भन्नुपर्दा, धार्मिक, सांस्कृतिक सहिष्णुता नेपाली समाजको महत्वपूर्ण पहिचान हो ।

समृद्ध नेपाल राष्ट्र निर्माणको अभियानमा पक्कै पनि सबै जातजाति, भाषाभाषि र धर्मसंस्कृतिको यथोचित भूमिका रहन्छ तसर्थ आआफ्ना कला, संस्कृति, रीतिरिवाजको जगेर्नामा लागौं । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा सबै जातजाति र भाषा धर्मका अनुयायीहरुले एकअर्काप्रति आदर, सम्मान गर्न सिकौं, गरौं र नेपाली समाजलाई सहिष्णुताका लागि सदैव नमूना बनाऔं । हामीसबैले विकास निर्माणका काममा हातेमालो गरौं, तानसेन पाल्पालाई सुन्दर र समृद्ध तुल्याऔं । कोरोनाको लहर परिवर्तित भईरहेको अवस्थामा भाइरस संक्रमणबाट आफू जोगिऔं र अरुलाई जोगाऔं । स्वास्थ्य सुरक्षा मापदण्ड सबैले पालना गरौं ।

अन्त्यमा, पुनः सम्पूर्ण इसाई समुदायप्रति क्रिसमस पर्व र नयाँ वर्ष सन् २०२२ को अवसरमा सुखशान्ति एवम् समृद्धिका लागि हार्दिक शुभकामना प्रकट गर्दछौं ।

अशोककुमार शाही

नगर प्रमुख

एवम्

तानसेन नगरकार्यपालिका परिवार

नगर प्रमुख




Scanned with CamScanner